# आर्थिक वर्ष २०७७/७८ को

# बजेट वक्तव्य

## नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

# नलगाड नगरपालिकाको छैठौ नगर सभाको बैठकमा

# नगर उप प्रमुख श्री बाल कुमारी बस्नेतले

# मिति २०७७।०३।१० मा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७/७८ को

# बजेट वक्तव्य

**आदरणीय सभाध्यक्ष महोदय,**

**नगर सभाका सदस्य ज्यूहरु,**

**नगरपालिका स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु,**

**नगरपालिका स्थित सुरक्षा निकायका प्रमुख ज्यहरू,**

**विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधी ज्यूहरु,**

**नगरपालिकाका विभिन्न समिति एवं उपसमितिका पदाधिकारी ज्यूहरु,**

**समाजसेवी, वुद्धिजीवी, शिक्षक पत्रकार, उद्योगी, व्यापारी, जेष्ठ नागरीक, नागरिक समाजका प्रतिनिधि, दलित तथा अल्पसंख्यक, एकल महिला, शहिद परिवार र कर्मचारी लगायत उपस्थित आदरणीय सम्पुर्ण नगरवासी, दाजुभाई तथा दिदि बहिनीहरु,**

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट स्थापित नलगाड नगरपालिकाका नागरिकहरुको प्रतिनिधिमुलक नगर सभाको यस वैठकमा कोभिड १९ महामारीको विषम परिस्थितिमा म स्थानीय सरकारको उपप्रमुखको हैसियतले यस सम्मानित सभामा आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । जाजरकोट जिल्लाको पूर्वी उत्तरमा अवस्थित नलगाड नगरपालिकाको समग्र विकास निर्माणसँग सन्निकट सम्बन्ध राख्ने आजको यस ऐतिहासिक छैठौ नगर सभाको गरिमामय घडीमा पौरखी र न्याय प्रेमि जनताहरु बसोबास रहेको यस नलगाड नगरपालिकाको समग्र विकासको लागि आगामी आ.व. २०७७।०७८ को अनुमानित बजेटले सबै जनसमुदायलाई समेट्ने अपेक्षा गरेको छु ।

२. नेपालको भौगोलक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता, स्वाधीनता र मुलुकको स्वाभिमान रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली, समावेशिता, धर्म निरपेक्षता, सामाजिक न्याय, जनताको मौलिक हक र अधिकार प्राप्तिका लागि भएका ऐतिहासिक आन्दोलन र जनक्रान्तिमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात विर सहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा वेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । यस नगरपालिकाको परिकल्पना, विकास र उत्थानमा विगत र वर्तमानमा भूमिका खेल्नु भएका सम्पूर्ण क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर एवं प्रशंसा गर्न चाहान्छु ।

३. हामी यतिवेला ईतिहासमै अत्यन्त ठूलो चुनौतिको सामना गर्न बाध्य छौ । सीमित श्रोतबाट असिमित आवश्यकता सम्वोधन गर्नुपर्ने अवस्था रहेको छ । विकटता, विपन्नता र वेरोजगारीसँग जुधिरहेको नलगाड नगरपालिका हालको कोभिड-१९ र बन्दाबन्दीको कारणले मानवीय र आर्थिक संकटको सामना गरिरहेको छ । हाम्रा सवै सवाललाई यस योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्वोधन गर्न सक्दैन । यस कठिन घडिमा नगरबासी नागरिकको जीवनरक्षा नै हाम्रो प्राथमिक दायित्व हो । म यस सम्मानित सभा समक्ष विनम्रतापूर्वक अनुरोध गर्दछु कि महामारी नियन्त्रण र रोजगारी हाम्रो बजेटका मुख्य प्राथमिकता हुन । महामारी र रोजगारीबाट जनताको जीवन बचाउने र रोजगारीबाट आत्मनिर्भरता तर्फ अघि बढाउनु बजेटको केन्द्र विन्दु हो ।

४. विगतका राजनितिक परिवर्तनबाट प्राप्त भएका उपलव्धीलाई संस्थागत गरी विकास र सेवाको रुपमा त्यसको लाभ नागरिकको घरदैलोसम्म पुर्‍याउन र नलगाड नगरबासीको हसिलो मुहार हेर्न हामीले धेरै कार्य गर्नुपर्ने सामुहिक जिम्मेवारी रहेको छ । संघीयताको सफल कार्यान्वयन, सुशासन, विकास, समाबेशीता र सामाजिक न्याय तथा समाजबाद उन्मुख आर्थिक, सामाजिक संरचनाको विकास गर्दै हालको परिस्थितिमा उपचार, उत्पादन र आपुर्तिमा परिलक्षित भई आर्थिक वृद्धि हासिल गर्ने दिशामा आगामी वर्षको बजेट तथा कार्यक्रम लक्षित रहेको छ ।

५. बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान र कानुनहरु, नेपालको पन्ध्रौ योजना, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारका मार्गदर्शन तथा कानुनहरु, विनियोजन विधेयक २०७७, नलगाड नगरपालिकाको नीति तथा कार्यक्रम, विभिन्न समिति तथा वडा समितिबाट प्राप्त सुझाव र कोभिड १९ बाट सिर्जित परिस्थितिलाई प्रमुख आधार बनाएको छु ।

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

अव म नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७६।७७ को विद्यमान अवस्था प्रस्तुत गर्दछु ।

६. उच्च गरिविको दर, श्रोत, अवसर र पहुँचमा कमजोर रहेको यस नगरपालिकाको विकास र नागरिकको जीवनस्तर सुधारमा स्थानीय सरकारको महत्वपूर्ण भुमिका आवश्यक छ । वर्तमान अवस्थामा सिर्जित महामारी र लकडाउनको कारणबाट चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन प्रभावित भएको कुरा सर्वविदितै छ ।

७. नलगाड नगरपालिका जनताको जीवन रक्षाको लागि विश्व महामारीको रुपमा देखा परको कोभिड-१९ विरुद्ध शुरुवात देखि नै योजनाबद्ध रुपमा नियन्त्रण, रोकथाम, प्रतिकार्य र उपचारको लागि क्रियाशिल रहेको छ । यसको लागि नगरपालिकाले कोरोना संक्रमण, रोकथाम तथा उपचार कोष स्थापना गरी यस नगरपालिकाबाट २१ लाख, प्रदेश सरकारको २० लाख र कर्मचारी, शिक्षक लगायत अन्य व्यक्ति तथा संघसंस्थाबाट ७,६५,१९९ समेत गरी रु. ४८,६५,१९९ को कोषबाट कोभिड-१९ को कारण लकडाउन भई प्रभावित भएका १,१७६ घरपरिवारलाई राहत वितरण गरी निरन्तर रुपमा कोभिड-१९ को नियन्त्रण, रोकथाम र उपचारमा क्रियाशिल रहेको कुरा यहाँहरुमा अवगत नै छ । यस संकटको व्यवस्थापनको लागि नगद तथा जिन्सी सहयोग गर्ने सवैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

८. कोभिड -१९ नियन्त्रण, रोकथाम तथा उपचारमा आफ्नो जीवनको प्रवाह नगरी अग्रपंक्तिमा रहेर अहोरात्र क्रियाशिल रहनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सवारी चालक लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

९. यस महामारीको नियन्त्रणमा आवश्यक सहयोग र समन्वय गर्नुहुने माननीय ज्यूहरु, स्थानीय तहका जनप्रतिनिधि, राजनितिक दल, राष्ट्रसेवक कर्मचारी, निजि क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा आदरणीय जनसमुदायलाई धन्यबाद व्यक्त गर्दै निरन्तर सहयोगको लागि सवैसंग हार्दिक अपिल गर्दछु ।

१०. चालु आर्थिक वर्षमा कोभिड-१९ को कारणले पुंजीगत खर्च र राजश्व संकलन दुवै प्रभावित भएका छन । आर्थिक वर्षको अन्यसम्म नगरको आन्तरिक राजश्व संकलन बार्षिक लक्ष्यको ६० प्रतिशत हुने अनुमान रहेको छ र पुंजीगत खर्च वार्षिक लक्ष्यको ७५ प्रतिशत हुने अनुमान रहेको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

११. म अब यस सम्मानित नगर सभामा आ.व. २०७७।०७८ को बजेटका उद्धेश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उदेश्यहरु :**

(क) कोभिड-१९ को महामारीबाट जनताको जीवन रक्षा गरी जनजीवनलाई सुरक्षित र सहज बनाउने ।

(ख) सहज जीवनयापन र समुन्नत नगरपालिका निर्माणका लागि भौतिक पूर्वाधारको विकास र विस्तार गर्ने ।

(ग) स्थानीय उत्पादनमा जोड दिई कृषिको विविधीकरण, व्यवसायीकरण गर्दै जनतालाई भोकमरीबाट बचाउने र रोजगारीको अवसर सिर्जना गर्ने ।

(घ) नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रको विकास, विस्तार र सुदृढिकरण गर्ने ।

(ङ) सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको दीगो विकास गर्ने ।

(च) आर्थिक, सामाजिक तथा साँस्कृतिक विभेदको अन्त्य गरी सामाजिक न्याय र समानतामा कायम गर्ने ।

(छ) सार्वजनिक श्रोतको प्रभावकारी परिचालन मार्फत आर्थिक अनुशासन कायम गरी सुशासन कायम गर्ने ।

**आदरणीय सभाध्यक्ष महोदय**

१२. म अब यस सम्मानित नगर सभामा आ.व. २०७७।०७८ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका प्राथमिकताहरु** :

- पूर्वाधार विकास (भवन निर्माण) क्षेत्र
- स्वास्थ्य तथा सरसफाई क्षेत्र
- कृषि, पशुपालन तथा रोजगार क्षेत्र
- शासकिय सक्षमताको विकास सुशासन र सदाचार प्रर्वद्धन
- शिक्षा क्षेत्र
- खेलकुद विकास क्षेत्र
- साँस्कृतिक प्रवर्द्धन क्षेत्र
- सडक निर्माण क्षेत्र

**आदरणीय सभाध्यक्ष महोदय**

१३. म अब यस सम्मानित नगर सभामा आ.व. २०७७।०७८ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका नीति तथा आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- पन्ध्रौं पञ्चवर्षिय योजना,
- संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयका परिपत्रहरु,
- संघीय सरकारका नीति तथा कार्यक्रमहरु र बजेट वक्तव्य,
- प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु र बजेट वक्तव्य,
- नलगाड नगरपालिकाको त्रि वर्षिय रणनैतिक योजना २०७६
- वस्ती तथा टोलस्तरीय भेला, वडा समिति हुँदै सहभागितामुलक योजना तर्जुमा प्रक्रिया द्धारा आएका आयोजना तथा कार्यक्रमहरु,
- नलगाड नगरपालिकाको क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र वस्तु स्थितिको अवस्थाको विश्लेषण,

आदरणीय सभाध्यक्ष महोदय,

१४. अव म आगामी आ.व. ०७७।०७८ का लागि संक्षिप्त बजेट विनियोजन प्रस्तुत गर्न गईरहेको छु ।

आर्थिक विकास क्षेत्र

१५. आर्थिक वर्ष २०७७।७८ मा आर्थिक विकास क्षेत्रको लागि रु. ८० लाख बजेटको सीमा निर्धारण गरेको छु ।

१६. नलगाड नगरपालिकामा कृषि हाट बजार केन्द्र स्थापना तथा सञ्चालनको लागि म्याचिंग स्वरुप रु. १० लाख बजेट बिनियोजन गरेको छु ।

१७. यस नगरपालिकाबाट घोषित पकेट क्षेत्र कार्यक्रमहरुलाई थप विकास र विस्तार कार्यक्रमलाई निरन्तरता दिइएको छु ।

१८. नलगाड नगरपालिकाको दुई स्थानहरुमा कृषि सिकाई केन्द्र स्थापना गर्नको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

१९. पर्यटन क्षेत्रको रुपमा विकास गर्न  नलगाड नगरपालिका वडा नं. ५ खान्टाकुरा देखि वडा नं. ६ को नेटिलेकसम्ममा पदमार्ग निर्माणको लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

२०. यस नलगाड नगरपालिका भित्र रहेका सहकारीहरुमा कार्यरत कर्मचारी तथा व्यवस्थापकहरुको तालिम तथा अनुदानको लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।

२१. पशुस्वास्थ्य शिविर सञ्चालन गर्न र कृतिम गर्भाधान कार्यक्रमलाई व्यस्थापन गर्न  आवश्यक बजेटको विनियोजन गरेको छु ।

२२. विदेशबाट घर फर्किएका र वेरोजगार विपन्न नागरिकहरलाई रोजगार प्रर्वद्धन गर्न **नगर प्रमुख रोजगार कार्यक्रम**को लागि रु. ५० लाख बजेट बिनियोजन गरेको छु ।

## सामाजिक विकास क्षेत्र

२३. आर्थिक वर्ष २०७७।७८ मा सामाजिक विकास क्षेत्रको लागि रु. १ करोड ७० लाख बजेटको सीमा निर्धारण गरेको छु ।

२४. विश्व महामारीको रुपमा फैलिएको कोभिड - १९ को नियन्त्रण, रोकथाम र उपचार सम्बन्धि कार्यक्रम संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहसंगको समन्वय र सहकार्यमा प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२५. कोभिड - १९ का लागि भारत लगाएत तेस्रो मुलुक र नेपालका विभिन्न जिल्लाहरुबाट आएका व्यक्तिहरुलाई सुरक्षित राख्न र कोरोनाको संक्रमण फैलिन नदिन उचित क्वारेन्टाईनको व्यबस्थापन गरिनेछ र आबश्यकता अनुसार आईसोलेसनको व्यबस्थापन गरिनेछ । क्वारेन्टाईन, आईसोलेसनमा भौतिक सामाग्रि तथा खाद्यान्न लगाएतका आबश्यक सेवा, सुविधाको व्यबस्था गरिनेछ ।

२६. क्वारेन्टाईन व्यबस्थापन लगायतको अन्य औषधी, उपकरण तथा औजार व्यबस्थापनका लागि कारोना, संक्रमण, रोगथाम उपचार कोषमा रु. ७० लाख बजेटको बिनियोजन गरेको छु ।

२७. कोरोना सम्बन्धि अग्रपंक्तीमा रहेर काम गर्ने स्वास्थ्य कर्मीहरुको मनोबललाई उच्च बनाउन प्रोत्साहन भत्ताको व्यबस्था गरेको छु ।

२८. आर्थिक वर्ष २०७६।०७७ मा स्थापना भएका आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको कार्यालय व्यबस्थापनका लागि रु. ७ लाख बजेट बिनियोजन गरको छु ।

२९. प्राथमिक स्वास्थ्य केन्द्र दल्ली, जाजरकोटको उपकरण तथा औजार खरिदको लागि रु. ८ लाख बजेटको व्यबस्थापन गरेको छु ।

३०. यस नगरपालिकाको स्वास्थ्य संस्थामा सुत्केरी गराए वापत सुत्केरी महिलाहरुलाई यस नगरपालिकाबाट दिईने थप रु १ हजार अनुदान रकमलाई निरन्तरता दिएको छु ।

३१. यस नलगाड नगरपालिका भित्र रहेका गर्भवती, सुत्केरी महिलाहरुका लागि लक्षित गरी घर घरमा झण्डा, सुत्केरीको हातमा अण्डाको लागि **सुत्केरी महिलासंग नगर उपप्रमुख कार्यक्रम** संचालन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

३२. विपन्न नागरिक तथा दिर्घरोगीहरुको उचित स्वास्थ्य अबस्थालाई मध्येनजर गरी आर्थिक सहायता उपलव्ध गराउन **आकष्मिक कोषको** लागि रु. ७ लाख बजेट बिनियोजन गरेको छु ।

३३. शुन्य दरबन्दी भएका विद्यालयहरु र बालविकास केन्द्र संचालनको लागि  शैक्षिक गुणस्तर सुधार अनुदान स्वरुप रु. ३० लाख बजेटको व्यबस्था गरेको छु ।

३४. नलगाड नगरपालिकाले घोषणा गरेको नमुना विद्यालयहरुमा शैक्षिक सामाग्रिहरु वितरणको लागि रु. ७ लाख बजेट बिनियोजन गरेको छु ।

३५. शिक्षक तालिम लगायत, शिक्षक अभिभावक, शिक्षक केन्द्रि कार्यक्रमहरु संचालनको लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

३६. नलगाड नगरपालिकका विद्यालयहरुलाई भौतिक पूर्वाधार स्थापना गर्न संघीय सरकारको कार्यक्रमबाट भौतिक पूवौधार निर्माणको लागि आबश्यक व्यबस्था मिलाएको छु ।

३७. नलगाड नगरपालिकाको स्थानीय कला, संस्कृतिलाई जोगाई राख्नको लागि नलगाड महोत्सव संचालन गर्नको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

३८. विद्यालय स्तरमा अध्ययनरत किशोर, किशोरी तथा यूवाहरुको प्रतिभा पहिचान गर्न **नगर प्रमुख खेलकुद प्रतियोगिता** संचालनको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

३९. नलगाड नगरपालिकाका युवाहरुलाई खेलकुदका सामाग्रीहरु वितरणका लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

४०. मन्मैमा निर्माणाधिन रंगशालालाई नगर स्तरिय रंगशाला घोषणा गरी निरन्तरता दिन चालु आ.व.मा रु. १५ लाख बजेटको विनियोजन गरेको छु ।

४१. आधारभुत खानेपानी सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न र गुणस्तर बृद्धि गर्न निर्माणाधिन आयोजनाहरु सम्पन्न गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारसंग समन्वय गरिनेछ ।

४२. नलगाड नगरपालिकामा रहेका आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा व्याप्त विभेद अन्त्य गर्न पछि परेका वर्ग, जाती, समुदायको संरक्षण, सुरक्षा र सशक्तिकरणका कार्यक्रम संचालन गर्न आबश्यक बजेटको व्यबस्था मिलाएको छु ।

४३. नलगाड नगरपालिका भित्र रहेका एकल महिला, अपांगता भएका नागरिक र आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायको हक हितको संरक्षण गर्न आबश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरेको छु ।

४४. विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ बाट प्रभावित रहेका असहाय, विपन्न नागरिक, गर्भवती महिला, बालवालिका तथा जेष्ठ नागरिकहरुलाई उचित राहत व्यबस्थापनको लागि आबश्यक बजेट व्यबस्थापन गरको छु ।

पुर्वाधार विकास क्षेत्र

४५. आर्थिक वर्ष २०७७।७८ को लागि पूर्वाधार विकास क्षेत्रमा रु. ७ करोड बजेटको सीमा निर्धारण गरेको छु ।

४६. नलगाड नगरपालिका भित्रका सबै वडा कार्यालयहरुमा सडक संजाल विस्तार गर्न संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा सडकको पहुँच बढाउनको लागि आवश्यक समन्वय र बजेटको व्यवस्था गरिनेछ ।

४७. नलगाड नगरपालिका वडा नं. ७ दल्लीको डोल्पा राजमार्ग देखि नमुनाबस्ती सम्मको सडकलाई नगर स्तरिय सडक घोषणा गरी कार्य प्रारम्भ गर्न रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

४८. नलगाड नगरपालिका वडा नं. ६ को थाप्ला देखि भारगाउँसम्मको सडक निर्माणको लागि रु. २२ लाख बजेटको विनियोजन गरेको छु ।

४९. नलगाड नगरपालिका वडा नं. १३ को परिवगर देखि सिउन सडकको लागि रु. २० लाख बजेटको विनियोजन गरेको छु ।

५०. यस नगरपालिका भित्र निर्माणाधिन अन्य सडकहरुको लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।

५१. नलगाड नगरपालिका लगायत वडा कार्यालयहरुको भवन निर्माणको लागि आवश्यक रु. ५ करोड बजेटको सीमा निर्धारण गरेको छु ।

५२. नलगाड नगरपालिका वडा नं. १०, ११ र १३ को वडा कार्यालय भवन निर्माण सम्पन्न भईसकेकोले उक्त वडा हरुको लागि क्रमश रु. ३२ लाख, ३२ लाख र ३३ लाखको बजेटको सीमा निर्धारण गरेको छु ।

५३. नलगाड नगरपालिका वडा नं. ८ को योजनाहरु निर्माणको लागि रु. ५५ लाख बजेटको सीमा निर्धारण गरेको छु ।

५४. नुमना बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिएको छ जसको लागि रु. ५० लाख बजेट विनियोजन गरको छ ।

५५. नलगाड नगरपालिकाको सूचना प्रविधिलाई निरन्तरता दिन वडा कार्यालय, स्वास्थ्य संस्था विद्यालयहरुमा ईन्टरनेट जडानलाई निरन्तरता दिन आबश्यक बजेट बिनियोजित गरेको छ ।

५६. संघीय सरकार, प्रदेश सरकार र अन्य विभिन्न निकायहरुसंग आयोजना म्याचिंगको लागि रु. ७० लाख समपुरक रकम विनियोजन गरेको छ ।

## वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

५७. आर्थिक वर्ष २०७७/७८ को लागि वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा रु. ३५ लाख बजेटको सीमा निर्धारण गरेको छ ।

५८. प्राकृतिक तथा गैर प्राकृतिकको विपद्को कारणले गर्दा जोखिममा रहेका व्यक्तिहरुलाई राहत वितरणको लागि रु. ८ लाखको विपद् व्यबस्थापन कोषमा बजेट बिनियोजन गरेको छ ।

५९. नलगाड नगरपालिका भित्र बाढी पहिरोको उच्च जोखिम रहेका स्थानहरुमा तटबन्धन नियन्त्रणका लागि आबश्यक बजेट तर्जुमा गर्न संघीय सरकार र प्रदेश सरकार संग कार्यक्रम तर्जुमाको लागि आबश्यक व्यबस्था मिलाएको छ ।

६०. नलगाड नगरपालिका भित्ररहेका खेती योग्य जमिनहरुमा सिंचाई सुविधा उपलब्ध गराउनको लागि आबश्यक बजेट विनियोजन गरेको छ ।

६१. यस क्षेत्रमा विनियोजित बजेट साविकको बजेट तथा कार्यक्रममा विनियोजित बजेट तथा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६२. प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपको कारणले मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको लागि मर्मत सम्भार कोषमा रु. ५० लाख बजेट विनियोजन गरेको छ ।

## सुशासन र सार्वजानिक सेवा प्रवाह

६३. नलगाड नगरपालिकाको जनअपेक्षा सम्बोधन गर्न सक्षम, पारदर्शि, प्रविधिमैत्री र जनउत्तरदायि प्रशासनको विकास गर्न कर्मचारी तालिम तथा क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

६४. विकास निर्माणका क्रियाकलापहरुलाई जनचाहना, जनहित, जनजारुकता, जनसहभागिता र जनस्वामित्वलाई प्राथमिकता दिनका लागि सबै आयोजनाहरुको सार्वजनिक सुनुवाई, जनलेखा परिक्षण र सूचना हकको प्रवर्द्धन गर्न आबश्यक व्यबस्था मिलाएको छु।

६५. सार्वजनिक प्रशासनको क्षमता विकास गर्न औजार उपकरणको व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

६६. यस नलगाड नगरपालिकामा निरन्तर सेवा गरी अवकास हुने कर्मचारीहरुको लागि रु. २३ लाखको अवकास कोषको व्यवस्था गरेको छु।

६७. स्थानीय सरकारको अधिकारहरुको विषयमा स्थानीय आवश्यकता बमोजिम आबश्यक कानून तर्जुमा गरिनेछ।

६८. नलगाड नगरपालिकाको स्थानीय शान्ति सुरक्षा र विपद व्यवस्थापनको वर्तमान अवस्थालाई मध्येनजर गर्दै नगर प्रहरी सेवाको गठन सञ्चालन तथा व्यवस्थापनको लागि रु. २८ लाख बजेट बिनियोजित गरेको छु।

आदरणीय सभाध्यक्ष महोदय

६९. आर्थिक वर्ष २०७५।०७६ को यथार्थ खर्च, आर्थिक वर्ष २०७७।०७८ को संसोधित अनुमान र आर्थिक वर्ष २०७७।०७८ को अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु।

आय तर्फ

७०. आ.व.२०७६।७७ को अनुमानित नगद मौज्दात **रु २ करोड ३८ लाख ९६ हजार ७ सय ५०,** आन्तरिक राजश्व अनुमानित रु. **६५ लाख**, नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु. **९ करोड ५८ लाख**, नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको अनुमानित रकम **रु ९ करोड ६० लाख १४ हजार २ सय ५०,** प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रकम **रु १ करोड २ लाख ८९ हजार**, नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान बापत प्राप्त हुने अनुमानित रकम रु **२४ करोड ५५ लाख**, विशेष अनुदान बापत प्राप्त हुने रकम रु **२ करोड** समेत जम्मा रु **४९ करोड ८० लाखको** आय अनुमान गरिएको छ।

व्यय तर्फ

७१. प्रशासनिक खर्च रु ७ **करोड ६४ लाख** र शसर्त अनुदान (चालुगत) रु **१९ करोड ८० लाख १२ हजार**, विषयगत शाखा तर्फको चालुगत खर्च रु **१ करोड ३० लाख**, बहुक्षेत्रीय पोषण योजना कार्यक्रम म्याचिंग समेतमा रु **१० लाख**, विभिन्न चालुगत कोषहरु तर्फ रु. **१ करोड १५ लाख** समेत कुल चालुगत **रु २९ करोड ९९ लाख १२ हजार**को व्यय अनुमान गरिएको छ ।

त्यसैगरी, शसर्त अनुदानको पूँजीगत तर्फ रु ४ **करोड ७४ लाख ८८ हजार**, आर्थिक विकास क्षेत्रमा **८० लाख**, सामाजिक विकास तर्फ **१ करोड ७० लाख**, पूर्वाधार विकास तर्फ रु **७ करोड**, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु **३५ लाख**, संस्थागत सेवा प्रवाह तथा सुशासन तर्फ रु **३० लाख**, कन्टेन्जेन्सि तर्फ **३० लाख**, समपूरक रकम रु ७० लाख, **नगर प्रमुख रोजगार कार्यक्रम तर्फ ५० लाख, नुमना बस्ती विकास कार्यक्रम तर्फ रु. ५० लाख, मर्मत सम्भार कोष रु. ५० लाख, अवण्डा रकम रु. ४१ लाख** र नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान **२ करोड** समेत कुल जम्मा रु **१९ करोड ८० लाख ८८** हजारको व्यय अनुमान गरिएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

७२. अन्त्यमा बजेट तयारीको क्रममा आवश्यक निर्देशन तथा सल्लाह प्रदान गर्नु हुने यस नगरपालिकाका नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर कार्यपालिका सदस्य ज्यूहरु, नगर सभा सदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु र पूर्व जननिर्वाचित प्रतिनिधि ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त उद्धेश्य प्राथमिकता र नीतिहरुमा व्यापक छलफल गरि नगर सभाका सदस्यहरुले दिनु भएका सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट छलफलको क्रममा सुझाव दिनुहुने विषयगत शाखाका प्रमुखहरु तथा यस नगरपालिकामा कार्यरत कर्मचारीहरु, विज्ञहरु लगायत नीजि क्षेत्र तथा नागरिक समाजका बुद्धिजिवीहरु, सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरु पत्रकार तथा नलगाड भित्र र बाहिर रहनु भएका दाजुभाई दिदि बहीनीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

धन्यवाद ।

**अनुसूची -१**

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०७७/७८

रु हजारमा .

| शीर्षक | | आ .व. २०७५/७६ को यथार्थ | आ .व. २०७६/७७ को संशोधित अनुमान | आ .व. २०७७/७८ को अनुमान |
|---|---|---|---|---|
| **आयः** | | **४६४४७०** | **४०४९३०** | **४९८०००** |
| | **राजस्वः** | **३८०८५** | **१४८३८** | **३०३९७** |
| | आन्तरिक राजस्वबाट प्राप्त हुने अनुमानित रकम रु | ५६८५ | ३९०० | ६५०० |
| | गत वर्षको नगद मौज्दातको अनुमानित रकम रु | ३२४०० | १०९३८ | २३८९७ |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **३५१२९९** | **३९००९२** | **४६७६०३** |
| | नेपाल सरकारबाट प्राप्त हुने शसर्त अनुदान रु | २६४३३३ | २२१७५० | २४५५०० |
| | नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु | ८९१०० | ९५००० | ९५८०० |
| | नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँटको अनुमानित रकम रु | ६७७४२ | ५८००० | ९६०१४ |
| | प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु | ५२१० | १०३४२ | १०२८९ |
| | विशेष अनुदान वापत प्राप्त हुने रकम रु | ० | ५००० | २०००० |
| **व्ययः** | | **४२३२१५** | **३८२०३४** | **४९८०००** |
| | चालु खर्च | २५२९५७ | २४४२९२ | २९९९१२ |
| | पूँजिगत खर्च | १७०२५८ | १३७७४२ | १९८०८८ |
| | **जम्मा व्यय रकम** | **४२३२१५** | **३८२०३४** | **४९८०००** |

अनुसूची -२

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व. २०७७/७८

रुहजारमा .

| शीर्षक | | आ .व. २०७५/७६ को यथार्थ | आ .व. २०७६/७७ को संशोधित अनुमान | आ .व. २०७७/७८ को लक्ष्य |
|---|---|---|---|---|
| **राजस्वः** | | **३८०८५** | **१४८३८** | **३०३९७** |
| | **आन्तरिक राजस्वः** | ५६८५ | ३९०० | **६५००** |
| | **अन्य आयः** | ३२४०० | १०९३८ | **२३८९७** |
| | **गत वर्षको नगद मौज्दातको अनुमानित रकम** | ३२४०० | १०९३८ | **२३८९७** |
| | **अन्य आयः** | ० | ० | **२३८९७** |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | **४२६३८५** | **३९००९२** | **४५७३१४** |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | **४२११७५** | **३७९७००** | **३७७९३४** |
| | **समानीकरण अनुदान** | ८९१०० | ९५००० | **९५८००** |
| | **सशर्त अनुदान** | २६४३३३ | २२१७५० | **२४५५००** |
| | **राजश्व बाँडफाँटबाट प्राप्त हुने अनुमानित रकम** | ६७७४२ | ५८००० | **९६०१४** |
| | **विशेष अनुदान वापत प्राप्त हुने रकम** | ० | ५००० | **२००००** |
| | **नेपाल सरकारबाट प्राप्त हुने जम्मा अनुदान रु** | **४२११७५** | **३७९७००** | **३७७९३४** |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | **५२१०** | **१०३४२** | **१०२८९** |
| | समानीकरण अनुदान | ५२१० | १०३४२ | **१०२८९** |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | ५२१० | **१०३४२** | **१०२८९** |
| | जम्मा अनुमानित बजेट | **४६४४७०** | **४०४९३०** | **४९८०००** |

अनुसूची -३

# व्यय अनुमान

## आ .व. २०७७/७८

रु . हजारमा

| शीर्षक | | आ .व. २०७५/७६ को यथार्थ | आ .व. २०७६/७७ को संशोधित अनुमान | आ .व. २०७७/७८ को अनुमान | श्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| **चालु खर्च** | | | | **२९९९१२** | **३१८६** | **२४४१२४** | **०** | **०** | | |
| १ | पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | | | १४९०० | ० | १४९०० | ० | ० | | |
| २ | कर्मचारी पारिश्रमिक तथा सुविधा | | | २२३०० | २००० | २०३०० | ० | ० | | |
| ३ | कार्यालय सञ्चालन सम्बन्धी खर्च | | | ९७०० | २५५० | ७१५० | ० | ० | | |
| ४ | मर्मत सम्भार खर्च | | | १८०० | ३०० | १५०० | ० | ० | | |
| ५ | कार्यक्रम खर्च | | | ५१०० | १००० | ४१०० | ० | ० | | |
| ६ | परामर्श तथा अन्य सेवा शुल्क | | | १६७०० | ७०० | १६००० | ० | ० | | |
| ७ | अनुगमन, मुल्याङ्कन र भ्रमण खर्च | | | ३५०० | १००० | २५०० | ० | ० | | |
| ८ | विविध खर्च | | | २४०० | ४०० | २००० | ० | ० | | |
| ९ | श सर्त अनुदान वापतको रकम | | | १९८०१२ | ० | १९८०१२ | ० | ० | | |
| १० | विभिन्न कोषहरु | | | ११५०० | ० | ११५०० | ० | ० | | |
| ११ | वहुक्षेत्रिय पोषण योजनाको म्याचिंग | | | १००० | ० | १००० | ० | ० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विषयगत शाखाहरुको चालु तथा कार्यक्रम खर्च | | | १३००० | ६५०० | ६५०० | ० | ० | | |
| **चालु खर्च** | | | | **२९८४१२** | **३१८६** | **२४४१२४** | **०** | **०** | | |
| **पूँजिगत खर्च** | | | | **१६७६९०** | **३३१४** | **१३३८१०** | **१७८४२** | **०** | | |
| १ | भवन निर्माण | | | ५१००० | ० | ५१००० | ० | ० | | |
| २ | सवारी साधन खरिद | | | ८५० | ८५० | ० | ० | ० | | |
| ३ | सार्वजनिक निर्माण र अन्य कार्यक्रम | | | ६३७५० | ७००० | ४६४६१ | १०२८९ | ० | | |
| ४ | विशेष अनुदानबाट प्राप्त रकम | | | २०००० | ० | २०००० | ० | ० | | |
| ५ | समपुरक रकम | | | ७००० | ० | ७००० | ० | ० | | |
| ६ | कन्टिजेन्सी रकम | | | ३००० | ३००० | ० | ० | ० | | |
| ७ | श सर्त अनुदानको पुँजीगत रकम | | | ४७४८८ | ० | ४७४८८ | ० | ० | | |
| ८ | मर्मत सम्भार कोष रु | | | ५००० | ५००० | ० | ० | ० | | |
| **चालु खर्च** | | | | **१९८०८८** | **१५८५०** | **१७१९७१** | **१०२८९** | **०** | | |
| **कुल जम्मा रु** | | | | **४९८०००** | **६५००** | **३७७९३४** | **१७८४२** | **०** | | |

अनुसूची -४

# वित्तीय व्यवस्था अनुमान

**आर्थिक वर्ष २०७७।७८**

रुहजारमा .

| शीर्षक | | आ .व. २०७५७/६ को यथार्थ | आर२०७.व.६७/७ को संशोधित अनुमान | आ.व. २०७७८ को अनुमान |
|---|---|---|---|---|
| **वित्तीय व्यवस्थाः** | | ० | ० | ० |
| | **खुद ऋण लगानी** | ० | ० | ० |
| | ऋण लगानी (−) | ० | ० | ० |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | ० | ० | ० |
| | | | | |
| | **खुद शेयर लगानी** | ० | ० | ० |
| | शेयर लगानी (−) | ० | ० | ० |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | ० | ० | ० |
| | | | | |
| | **खुद ऋण प्राप्ती** | ० | ० | ० |
| | ऋणको साँवा भुक्तानी (−) | ० | ० | ० |
| | ऋण प्राप्ती (+) | ० | ० | ० |

अनुसूची -६

# वार्षिक विकास कार्यक्रम

## (आर्थिक वर्ष २०७७/७८)

रु. हजारमा

| सि.नं. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वितिय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|
| १= | नगर कार्यपालिका | ६७६९५ | १४५६०० | ० | २१४२९५ |
| २= | वडा समिति | ८७०५ | ० | ० | ८७०५ |
| ३= | विषयगत शाखा | २१२०१२ | ४७४८८ | ० | २५८५०० |
| ४= | विभिन्न कोषहरु | ११५०० | ५००० | ० | १६५०० |
| | **कुल जम्मा रु** | २९९९१२ | १९८०८८ | ० | ४९८००० |

शीर्षक : समानीकरण अनुदान तथा राजश्व बाँडफाँट

रु. हजारमा

| शीर्षक नं. | योजना तथा कार्यक्रमको नाम | स्थान | लक्ष्य | विनियोजित बजेट |
|---|---|---|---|---|
| १० | आर्थिक विकास | | | |
| १०१० | कृषि विकास क्षेत्र | नगरक्षेत्र | | ४००० |
| १०२० | पशुपंक्षी विकास क्षेत्र | नगरक्षेत्र | | २००० |
| १०३० | पर्यटन क्षेत्र | | | |
| १ | पर्यटन प्रर्वद्धन तथा प्रचारको लागि होडिग वोर्ड निर्माण | नगरक्षेत्र | २ वटा | २०० |
| २ | खान्टाकुरा देखि नेटिलेकसम्म पदमार्ग निर्माण | वडा नं. ५ र ६ | | १००० |
| | जम्मा रु. | | | १२०० |
| १०४० | उद्योग तथा वाणिज्य क्षेत्र | | | |
| १ | सार्वजनिक स्थानमा सि.सि.टि.भि. जडान योजना | नगरक्षेत्र | ३ स्थान | ३०० |
| २ | व्यापारीसंग अर्न्तक्रिया कार्यक्रम | नगरक्षेत्र | २ पटक | १०० |
| | जम्मा रु. | | | ४०० |
| १०५० | सहकारी क्षेत्र | | | |
| १ | सहकारी तालिम सञ्चालन | नगरक्षेत्र | | २०० |
| २ | सहकारी संस्था अनुदान कार्यक्रम | नगरक्षेत्र | ४ सहकारी | २०० |
| | जम्मा रु. | | | ४०० |
| कुल जम्मा आर्थिक विकास | | | | ८००० |
| २० | सामाजिक विकास | | | |

| | | | | |
|---|---|---|---|---|
| २०१० | **शिक्षा क्षेत्र** | | | |
| १ | नमुना विद्यालयमा खेलकुद र शैक्षिक सामाग्री वितरण | नगरक्षेत्र | | ७०० |
| २ | जनक आ.वि. फर्निचर निर्माण योजना | वडा नं. २ | | ५०० |
| ३ | हिमालय प्रा.वि. भातचिउरा भवन निर्माण योजना | वडा नं. ४ | | १५८० |
| ४ | त्रिभुवन मा.वि.शैक्षिक सामाग्री खरिद योजना | वडा नं. ९ | | २०० |
| ५ | जनएकता प्रा.वि. खाजाघर निर्माण योजना | वडा नं. १० | | १०० |
| ६ | तपोभुमि मा.वि. घेरावार निर्माण योजना | वडा नं. १० | | ७०० |
| ७ | कैलाशकन्या आ.वि.कट्के भवन निर्माण (निरन्तर योजना) | वडा नं. ३ | | ४०० |
| ८ | जनक आ.वि.गाँडेखोला भवन निर्माण (निरन्तर योजना) | वडा नं. ५ | | ३५० |
| ९ | ज्ञानोदय प्रा.वि.बाउसेखोला भवन निर्माण (निरन्तर योजना) | वडा नं. ४ | | ४०० |
| १० | सरस्वती प्रा.वि.मुली भवन निर्माण (निरन्तर योजना) | वडा नं. ५ | | ४०० |
| ११ | लेकबेशी प्रा.वि.मन्मै भवन निर्माण (निरन्तर योजना) | वडा नं. ८ | | ३५० |
| १२ | जनस्वास्थ्य प्रा.वि.बाँस्कोट भवन निर्माण (निरन्तर योजना) | वडा नं. ९ | | ४०० |
| १३ | गणेश प्रा.वि. चौखा शैक्षिक सामग्री खरिद | वडा नं. ११ | | १०० |
| | **जम्मा रु** | | | **५५८०** |
| २०२० | **स्वास्थ्य क्षेत्र** | | | |
| १ | सामुदायिक स्वास्थ्य एकाई सिउन डि.पि.आर.निर्माण | वडा नं. १३ | | २५० |
| २ | आधारभुत स्वास्थ्य कार्यालय व्यवस्थापन | नगरक्षेत्र | | ७०० |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र दल्ली व्यवस्थापन | वडा नं. ७ | | ८०० |
| ४ | स्वास्थ्य शिविर सञ्चालन | नगरक्षेत्र | | ७५० |
| ५ | दानीपीपल स्वास्थ्य क्लिनिक शौचालय निर्माण | वडा नं. ७ | | १०० |
| | **जम्मा रु** | | | **२६००** |
| २०३० | **खानेपानी तथा सरसफाई क्षेत्र** | | | |
| १. | जुरेली खानेपानी निर्माण योजना स्याचिंग | वडा नं. १ | | ८०० |
| २. | बजारक्षेत्र र सार्वजनिक स्थानमा डस्टविन वितरण योजना | नगरक्षेत्र | ४ स्थान | २०० |
| ३. | सामुदायिक स्वास्थ्य एकाई खानेपानी योजना सिउन | वडा नं. १३ | | १००० |
| ४. | भालछहरा मुहान भई स्याला खानेपानी निर्माण योजना | वडा नं. १ | | ५०० |
| ५. | मार्के मुहान देखि जालसेरा, बादेबाज खा.पा. मर्मत योजना | वडा नं. १० | | ३०० |
| | **जम्मा रु** | | | **२५००** |
| २०४० | **संस्कृति प्रवर्द्धन क्षेत्र** | | | |
| १ | नलगाड सांस्कृतिक महोत्सव | नगरक्षेत्र | १ पटक | ५०० |
| २ | मष्ट मन्दिर निर्माण योजना | वडा नं. १० | | २५० |
| ३. | सिद्ध कैलासी देउताको मन्दिर निर्माण योजना | वडा नं. ८ | | ३०० |
| ४. | रग्दा पीपलचौतारी निर्माण योजना | वडा नं. १० | | १५० |
| | **जम्मा रु.** | | | **५००** |
| २०५० | **खेलकुद तथा मनोरञ्जन क्षेत्र** | | | |
| १. | नगर प्रमुख खेलकुद प्रतियोगिता सञ्चालन | नगरक्षेत्र | १ पटक | ५०० |

| | | | | |
|---|---|---|---|---|
| २. | युवाहरुलाई खेल सामाग्री वितरण | नगरक्षेत्र | ४ क्लव | २०० |
| ३. | रंगशाला निर्माण | वडा नं. ८ | | १५०० |
| ४. | खेलकुद कार्यक्रम सञ्चालन योजना | वडा नं. १० | | ५० |
| | **जम्मा रु.** | | | **२२००** |
| **२०६०** | **लैगिक समानता तथा सामाजिक समावेशीकरण** | | | |
| १ | लक्षित वर्ग कार्यक्रम | नगरक्षेत्र | | २००० |
| २ | लोक सेवा तयारी कक्षा सञ्चालन | नगरक्षेत्र | | ३०० |
| ३ | सुत्केरी महिलासंग उपप्रमुख कायक्रम | नगरक्षेत्र | | ५०० |
| | **जम्मा रु** | | | **२८००** |
| | **सामाजिक विकास कुल जम्मा रु.** | | | **१६१८०** |
| **३०** | **पूर्वाधार विकास** | | | |
| **३०१०** | **स्थानीय सडक** | | | |
| १ | लहँ गैरागाउँ देखि भातचिउरा सडक निर्माण योजना | वडा नं. ४ | | ४५० |
| २ | सिउन देखि परिवगर सडक निर्माण योजना | वडा नं. १३ | | २००० |
| ३ | डोल्पाराजमार्ग देखि नमुनाबस्तीसम्म रिंगरोड निर्माण योजना | वडा नं. ७ | | २५०० |
| ४ | थाप्ला देखि भारगाउँसम्म सडक निर्माण योजना | वडा नं. ६ | | २२०० |
| ५ | खाल्चौर मान्चौर सडक निर्माण योजना भुक्तानी बाँकी | वडा नं. ४ | | ६५० |
| ६ | कैना देखि बाँस्कोटी सडक निर्माण योजना | वडा नं. ३ | | २००० |
| ७ | बास्कोट देखि तात्र सडक निर्माण योजना | वडा नं. ९ | | २२०० |
| ८ | तिल्केचौर देखि नहकुली सडक निर्माण योजना | वडा नं. २ | | १४०० |
| ९. | बास्कोटी देखि कट्के सडक निर्माण योजना | वडा नं. ३ | | २००० |
| १०. | वैरिताल अनापानी चिउरी सडक सरसफाई योजना | वडा नं. १ | | ५०० |
| ११. | दानीपीपल देखि वफेलगाउँ सडक निर्माण योजना | वडा नं. ७ | | ७०० |
| १२. | सारमारे देखि रजिक दम्का सडक निर्माण योजना | वडा नं. ११ | | १३०० |
| १३. | उखाले देखि तल्लु सडक स्तरोन्नति योजना | वडा नं. ११ | | १३०० |
| | **जम्मा रु.** | | | **१९२००** |
| **३०३०** | **भवन तथा शहरी विकास क्षेत्र** | | | |
| १ | वडा कार्यालयको भवन निर्माण योजना | वडा नं. १ | | २८०० |
| २ | वडा कार्यालयको भवन निर्माण योजना | वडा नं. २ | | ३७५० |
| ३ | वडा कार्यालयको भवन निर्माण योजना | वडा नं. ३ | | ८०० |
| ४ | वडा कार्यालयको भवन निर्माण योजना | वडा नं. ४ | | ३५०० |
| ५ | वडा कार्यालयको भवन निर्माण योजना | वडा नं. ५ | | ३५०० |
| ६ | वडा कार्यालयको भवन निर्माण योजना | वडा नं. ६ | | ४२५० |
| ७ | वडा कार्यालय भवन निर्माण योजना | वडा नं. ७ | | २००० |
| ८ | वडा कार्यालय भवन निर्माण योजना | वडा नं. ८ | | ५५०० |
| ९ | वडा कार्यालय भवन निर्माण योजना | वडा नं. ९ | | १२०० |
| १० | वडा कार्यालयको भवन निर्माण योजना | वडा नं. १२ | | ५६०० |

| | | | | |
|---|---|---|---|---|
| ११ | नगर कार्यालयको भवन निर्माण योजना | वडा नं. ७ | | ७८०० |
| १२ | जनता प्रा.वि. भवन निर्माण योजना | वडा नं. ४ | | ३९५० |
| १३ | कृषि सेवाकेन्द्रको भवन निर्माण योजना | वडा नं. ११ | | ६०० |
| १४. | वडा कार्यालय तल्ला थप योजना | वडा नं. १० | | १२०० |
| १४ | विभिन्न योजना निर्माण | वडा नं. १३ | | ३३०० |
| | **जम्मा रु.** | | | **५४३५०** |
| **३०४०** | **उर्जा, जलविद्युत र सिचाई क्षेत्र** | | | |
| १ | कैना कट्के विद्युत लाईन विस्तार योजना | वडा नं. ३ | | ३०० |
| २ | भेरीखोला ल.ज.वि. आयोजना मर्मत | वडा नं १३ | | १७० |
| ३ | सांटाखोला ल.ज.वि. कुलो मर्मत योजना | वडा नं. ३ | | २०० |
| ४. | साउनेखोला मुहान हुदै चिउरी खोलासम्म कुलो निर्माण योजना | वडा नं.१० | | ३०० |
| | **जम्मा रु.** | | | **९७०** |
| **३०५०** | **सञ्चार क्षेत्र** | | | |
| १ | फ्रि वाईफाई जोन योजना | वडा नं. ७ | | १०० |
| | **जम्मा रु.** | | | **१००** |
| | पुर्वाधार विकास कुल जम्मा रु. | | | **७१७२०** |
| **४०** | **वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | | | |
| १ | वृक्षारोपन कार्यक्रम | नगरक्षेत्र | ४ स्थान | ३०० |
| २ | फोहोरमैला व्यवस्थापन केन्द्र तल्लुवगर | वडा नं. १२ | | ५०० |
| ३ | फोहोर संकलन केन्द्र निर्माण (गाई बान्ने तरा) | वडा नं. ५ | | ५०० |
| ४ | तटवन्धन निर्माण योजना म्याचिंग | नगरक्षेत्र | ३ स्थान | १५०० |
| | **जम्मा रु** | | | **२८००** |
| **५०** | **संस्थागत विकास तथा सेवा प्रवाह सुशासन** | | | |
| १ | मोटरसाईकिल खरिद ई.प्र.का.दल्ली सहित | वडा नं. १३ | २ वटा | ५५० |
| २ | मेशिनरी औजार र जनेरेटर खरिद | नगरपालिका | | १००० |
| ३ | डिजिटल वोर्डको निर्माण | नगरपालिका | १ वटा | ३०० |
| ४ | वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र निर्माण योजना | १३ वटै वडा | | ४५० |
| ५ | विभिन्न कानुनहरु निर्माण खर्च | नगरपालिका | | २०० |
| ६. | सोलार सेट मर्मत योजना | वडा नं. १० | | ५० |
| ७. | पदाधिकारी र कर्मचारी भ्रमण खर्च | वडा नं. १० | | १५० |
| | **जम्मा रु** | | | **२७००** |
| **६०** | **समपुरक कोष** | नगरक्षेत्र | | **७०००** |
| **७०** | **कन्टेन्जेन्सी खर्च** | नगरक्षेत्र | | **३०००** |
| **८०** | **विशेष अनुदान रकम** | वडा नं. ३ र ७ | | **२००००** |
| **९०** | **अवण्डा रकम रु.** | नगरक्षेत्र | | **४१००** |
| **१००** | **नमुना बस्ती विकास कार्यक्रम** | नगरक्षेत्र | | **५०००** |

| | | | | |
|---|---|---|---|---|
| ११० | मर्मत सम्भार कोष रु. | नगरक्षेत्र | | ५००० |
| १२० | नगर प्रमुख रोजगार कार्यक्रम | नगरक्षेत्र | | ५००० |
| कुल पुँजीगत बजेट रु | | | | १३०६०० |

**)कखर्च तर्फ कार्यक्रम शसर्त (**

नेपाल सरकारद्धारा वित्तिय हस्तान्तरण हुदाँका बखत तोकिएका कार्यक्रममा नै खर्च गर्ने गरी चालुगत र पुँजीगत खर्चमा विनियोजन रकम

**रु हजारमा .**

| क्र.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | चालुगत खर्च रकम | १९८०१२ | |
| २. | पुँजीगत खर्च रकम | ४७४८८ | |
| | **जम्मा रकम रु** | **२४५५००** | |

**(ख) राजश्व बाँडफाट तथा समानीकरण अनुदानबाट विनियोजित चालु तथा प्रशासनिक खर्च**

**रु .हजारमा**

| क्र.स. | खर्च संकेत नं. | खर्च शीर्षक | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | २१००० | पदाधिकारी पारिश्रमिक तथा सुविधा | १२००० | |
| २. | २११११ | कर्मचारी पारिश्रमिक | १६४०० | |
| ३. | २११२१ | कर्मचारी पोशाक भत्ता | ४०० | |
| ४. | २११३१ | स्थानीय भत्ता | २६०० | |
| ५. | २११३२ | महंगी भत्ता | ९०० | |
| ६. | २११३४ | कर्मचारीको वैठक भत्ता, यातायात भत्ता | ८०० | |
| ७. | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १०० | |
| ८. | २११३९ | अन्य भत्ता | ७०० | |
| ९. | २११४१ | पदाधिकारी वैठक भत्ता, यातायात भत्ता | २००० | |
| १०. | २११४२ | पदाधिकारी अन्य सुविधा | ३०० | |
| ११. | २२१११ | पानी तथा विजुली | ३०० | |
| १२. | २२११२ | सञ्चार महसुल | १५०० | |
| १३. | २२१२१ | घरभाडा | १७०० | |
| १४. | २२१२२ | सामान ढुवानी तथा अन्य भाडा | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| १५. | २२२११ | इन्धन पदाधिकारी | ६०० | |
| १६. | २२२१२ | ईन्धन कार्यालय प्रयोजन | १००० | |
| १७. | २२२१३ | सवारी साधन मर्मत खर्च | १२०० | |
| १८. | २२२१४ | विमा तथा नवीकरण खर्च | ३०० | |
| १९. | २२२२१ | मेशिनरी औजार मर्मत सम्भार खर्च | ६०० | |
| २०. | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३००० | |
| २१. | २२३१५ | छपाइ तथा सूचना प्रकाशन खर्च | १२०० | |
| २२. | २२३१३ | पुस्तक तथा सामग्री खर्च | १०० | |
| २३. | २२३१४ | इन्धन अन्य प्रयोजन | १०० | |
| २४. | २२४११ | सेवा र परामर्श खर्च | ५०० | |
| २५. | २२४१२ | सूचना प्रविधि अधिकृतको २५ प्रतिशत तलव | २०० | |
| २६. | २२४१३ | करार सेवा शुल्क | १०००० | |
| २७. | २२४१३ | नगर प्रहरी करार शुल्क पोशाक र राशन खर्च | २८०० | |
| २८. | २२४१३ | स्वास्थ्य कर्मी करार सेवा शुल्क | ३२०० | |
| २९. | २२४१९ | अन्य सेवा शुल्क | ५०० | |
| ३०. | २२५११ | कर्मचारी तालिम खर्च | ३०० | |
| ३१. | २२५१२ | सिप विकास र जनचेतना | २०० | |
| ३२. | २२५२२ | कार्यक्रम खर्च | ४५०० | |
| ३३. | २२५२९ | विविध कार्यक्रम खर्च | १०० | |
| ३४. | २२६११ | अनुगमन मूल्यांकन र भ्रमण खर्च | १००० | |
| ३५. | २२६१२ | भ्रमण खर्च | २५०० | |
| ३६. | २२७११ | विविध खर्च | १४०० | |
| ३७. | २२७२१ | सभा सञ्चालन खर्च | १००० | |
| | **जम्मा चालु खर्च** | | **७६४००** | |

**(ग) नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाँडफाँटको रकम ,कर्णाली प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, नगद मौज्दात समेतबाट विनियोजित पूजिगत खर्च**

**रु हजारमा**

| **क्र.स.** | **खर्च शीर्षक** | **विनियोजित बजेट** | **कैफियत** |
|---|---|---|---|

| | | रु | |
|---|---|---|---|
| १. | आर्थिक विकास क्षेत्र | ८००० | |
| २. | सामाजिक विकास क्षेत्र | १७००० | |
| ३. | पूर्वाधार विकास क्षेत्र | ७०००० | |
| ४. | वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | ३५०० | |
| ५. | संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र | ३००० | |
| ६. | समपुरक रकम | ७००० | |
| ७. | नगर प्रमुख रोजगार कार्यक्रम | ५००० | |
| ८. | नमुना बस्ती विकास कार्यक्रम | ५००० | |
| ९. | कन्टिजेन्सी खर्च | ३००० | |
| १०. | मर्मत सम्भार कोष | ५००० | |
| ११. | राजश्व बाँडफाँट समेतको अवण्डा रकम रु | ४१०० | |
| | **जम्मा पूजिगत व्यय खर्च रकम रु** | **१३०६००** | |

**(घ) आन्तरिक राजश्व र राजश्व बाँडफाँट समेतका आधारमा विषयगत शाखा तथा अन्य विविध क्षेत्रमा विनियोजित हुने अनुमानित चालु खर्च रकम**

**रुहजारमा .**

| क्र.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | शिक्षा युवा तथा खेलकुद विकास शाखा रु | ४८०० | |
| २. | कृषि विकास शाखा रु | १९०० | |
| ३. | आधारभुत स्वास्थ्य तथा सरसफाइ शाखा रु | ३३०० | |
| ४. | पशुपंक्षी विकास शाखा रु | १५०० | |
| ५. | लहँ आयुर्वेद औषधालय कालीमाटी रु | ५०० | |
| ६. | कोरोना संक्रमण रोकथाम तथा उपचार कोष रु | ७००० | |
| ७. | अवकाश कोष रु | २३०० | |
| ८. | आकष्मिक कोष रु | ७०० | |

| | | | |
|---|---|---|---|
| ९. | विपद व्यवस्थापन कोष रु | ८०० | |
| १०. | अन्य विविध कोष रु | ७०० | |
| ११. | वहुक्षेत्रिय पोषण योजना म्याचिंग रु | १००० | |
| १२. | महिला वालवालिका उपशाखा | १००० | |
| | **जम्मा चालुगत व्यय खर्च रकम रु** | **२५५००** | |

### (ङ) नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको पुँजीगत खर्च रकम

**रुहजारमा .**

| क्र.स. | खर्च शीर्षक | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | पुँजीगत खर्च रकम रु | २०००० | |
| | **जम्मा पुँजीगत रकम रु** | **२००००** | |